महिला न्यायाधीशहरुको प्रथम राष्ट्रिय सम्मेलनमा पेश गर्ने प्रयोजनको लागि गठित घोषणापत्र मस्यौदा समितिले देहाय बमोजिमको घोषणापत्र तयार गरेको छ।

# महिला न्यायाधीशहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०८० बाट पारित

# घोषणा–पत्र

<u>प्रस्तावनाः</u>

**स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा विधिको शासनलगायतका मूल्य मान्यतालाई लोकतान्त्रिक राज्य व्यवस्थाको आधारस्तम्भको रुपमा आत्मसात् गर्दै,**

**नेपालको संविधानले प्रत्याभूत गरेका समानता, समावेशीता, सहभागिता एवम् लैंगिकलगायत सबै प्रकारका विभेदहरुको अन्त्य गरी न्याय र समतामूलक समाज निर्माणको सुनिश्चिततताप्रति संकल्प गर्दै,**

**नेपाल पक्ष भएका महिला अधिकार तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिलगायत मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुमा अन्तरनिहित सिद्धान्त, मूल्य, मान्यता एवम् मापदण्ड र अन्तर्राष्ट्रिय महिला न्यायाधीश दिवससम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रस्तावप्रति सम्मान गर्दै,**

**कानूनको शासन, समानता तथा सामाजिक न्यायको प्रवर्धन र न्यायमा सहज पहुँच एवम् जनआस्था अभिवृद्धिमा महिला न्यायाधीशको भूमिकाको स्मरण गर्दै,**

**न्यायपालिका र न्याय सेवाभित्र महिलाको सहभागिता, व्यावसायीक क्षमता एवम् नेतृत्व विकासको लागि उपयुक्त रणनीति तथा कार्यक्रमहरुको आवश्यकता र अपरिहार्यता वोध गर्दै,**

**सम्वत् २०८० साल चैत्र ९ गते शुक्रबार र १० गते शनिबार काठमाडौंमा आयोजना भएको महिला न्यायाधीशहरुको प्रथम राष्ट्रिय सम्मेलनका सहभागी न्यायाधीशहरु यो घोषणा–पत्र जारी गर्दछौंः**

**१. नेपालको संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मूल्य मान्यतालाई अक्षुण राख्दै स्वच्छ, निष्पक्ष, छिटोछरितो, गुणस्तरीय र प्रभावकारी न्याय सम्पादनमार्फत आम नागरिकले न्यायपालिकाप्रति राखेका अपेक्षाहरु पूरा गर्न हाम्रो साझा प्रतिवद्धता व्यक्त गर्दछौं।**

२. संविधान, कानून तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुको मर्म र भावना अनुरुप न्यायपालिकामा लैङ्गिक समानताको सुनिश्चितता गर्दै कानूनको शासन र सामाजिक रुपान्तरणका लागि महिलाहरुको सारभूत सहभागिता अपरिहार्य रहेकोले सोको प्रत्याभूतिका लागि विद्यमान अवरोधहरुको पहिचान गरी अनुभूतिको तहमा पुर्याउन सम्बन्धित निकायको आवश्यक सक्रियता र पहलको लागि आव्हान गर्दछौं।

३. न्यायपालिकामा महिला लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायको समानुपातिक प्रतिनिधित्व मार्फत जनसँख्या र सामाजिक विविधताको प्रतिविम्व अदालतका इजलासहरुमा हुने गरी लैङ्गिक एवम् सामाजिक समावेशीकरणको सुनिश्चितता कायम गर्दै क्षमतावान व्यक्तिलाई न्यायाधीशको रुपमा नियुक्ति गर्न न्यायपरिषद् लगायत सम्वद्ध निकायको ध्यानाकर्षण गर्दछौं।

४. सबै तहका अदालत तथा न्यायिक निकायमा कार्यरत महिला न्यायाधीश तथा अधिकृतहरुको व्यवसायीक क्षमता, दक्षता र नेतृत्व विकाससम्बन्धी आवश्यक नीति, रणनीति र कार्यक्रमहरुको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सर्वोच्च अदालत, न्याय परिषद् तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान लगायतका सम्वद्ध निकायसंग यो सम्मेलन आव्हान गर्दछ।

५. महिला न्यायाधीश एवम् अधिकृतहरुलाई उच्च शिक्षा अध्ययनको अवसर, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सम्मेलन तथा गोष्ठीहरुमा सहभागिता तथा वैदेशिक अवलोकन भ्रमणलगायत व्यवसायीक दक्षता एवम् क्षमताको अभिवृद्धि र अनुभवको आदान प्रदानसम्बन्धी पर्याप्त अवसरको व्यवस्थापन र समन्वयका लागि यो सम्मेलन सम्बन्धित निकायहरुको ध्यानाकर्षण गर्दछ।

६. अदालतका संरचना र पूर्वाधारहरु महिला मैत्री बनाउने, महिला न्यायाधीश तथा कर्मचारीहरुको लागि आवासको प्रवन्ध गर्ने, सुरक्षा व्यवस्थापन लगायत अनुकूल कार्य वातारणको निर्माण गरी विभिन्न भौगोलिक अवस्था र कार्यवोझ रहेका अदालतहरुमा समेत महिला न्यायाधीश तथा कर्मचारीको पदस्थापन र सरुवा हुनसक्ने परिस्थिति निर्माण गरी महिलाहरुलाई सबै किसिमको अनुभव प्राप्त गर्ने उच्च मनोबलका साथ कार्यसम्पादन

गर्ने वातावरण निर्माण गर्न सर्वोच्च अदालत, न्याय परिषद् तथा नेपाल सरकारका सम्बन्धित निकायको आवश्यक सहयोगको लागि ध्यान आकर्षण गर्दछौं।

७. अदालतमा कार्यरत महिला न्यायाधीशहरु, कर्मचारीहरु एवम् सेवाग्राही महिलाहरुको अवस्था र आवश्यकता अनुकूलको कार्यस्थलको व्यवस्था गर्ने, कार्यस्थलमा लैङ्गिक संवेदनशीलता कायम गर्दै यौनजन्य हिंसा वा दुर्व्यवहार हुन नदिनेतर्फ विशेष सजगता र उपयुक्त उपायहरुको अवलम्वन गरी महिलाहरुको सर्वाङ्गिण विकासको अवसर सिर्जना गर्न यो सम्मेलन सम्वद्ध सबैको ध्यानाकर्षण गर्दछ।

८. महिला अधिकार तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको पक्ष राष्ट्रको हैसियतमा नेपालले पूरा गर्नुपर्ने दायित्वहरुको कार्यान्वयन सम्बन्धी विषयमा न्यायपालिकासँग सम्बन्धित प्रावधानका सम्वन्धमा प्रगति प्रतिवेदनको तयारी र प्रस्तुति गर्दा न्यायपालिकाको सहभागिता र प्रतिनिधित्वको सुनिश्चितताका लागि समेत यो सम्मेलन नेपाल सरकार लगायत सम्बद्ध निकायको ध्यानाकर्षण गर्दछ।

९. प्रत्येक व्यक्ति मानव अधिकारको समान हकदार हुने मान्यतालाई आत्मसात् गर्दै न्याय सम्पादनमा मानव अधिकारसम्बन्धी मूल्य मान्यता र मापदण्डको ग्रहण र वाञ्छित लैङ्गिक संवेदनशीलता अपनाउन हामी सम्मेलनका सहभागी न्यायाधीशहरु प्रतिवद्ध र दृढ संकल्पित रहनेछौं।

१०. महिला पक्ष भएका अंश, माना चामल, नाता कायम, घरेलु हिंसा लगायतका देवानी र पारिवारीक प्रकृतिका मुद्दाहरुको सुनुवाईको लागि पारिवारिक इजलासको अवश्यकता र प्रभावकारीता सम्बन्धी अध्ययन गरी पेश हुने प्रतिवेदनले सुझाए बमोजिम कार्यान्वयन गर्दै जान सम्बन्धित निकायमा आग्रह गर्दछौं।

११. महिला अधिकार, समानता र लैङ्गिक न्यायको संरक्षण र प्रवर्धनमा न्यायपालिकाले खेल्दै आएको भूमिका अत्यन्त महत्वपूर्ण र सह्रानीय रहेको छ। यस सम्बन्धी मुद्दाहरुमा सर्वोच्च अदालतले गरेका व्याख्या, प्रतिपादित सिद्धान्त तथा विधिशास्त्रीय दृष्टिकोण मार्गनिर्देशक र अनुकरणीय रहेकोले त्यसप्रकारका फैसला वा आदेशहरुको व्यापक रुपमा सम्प्रेषण हुने अवस्था सिर्जना गर्न यो सम्मेलन आग्रह गर्दछ।

१२. महिलालगायत पिछडिएको वर्ग, क्षेत्र र समूदायका व्यक्तिहरुको न्यायमा पहूँच अभिवृद्धि गर्ने सम्बन्धमा विगतका अध्ययनहरुबाट पहिचान गरिएका अवरोधहरुको सम्वोधन गर्न नेपाल सरकार लगायत सम्बन्धित सरोकारवाला निकायको प्रतिबद्धता र सहयोगका लागि यो सम्मेलन ध्यानाकर्षण गर्दछ।

१३. न्यायपालिकाको आगामी पाचौं पञ्चवर्षीय रणनीतिक योजनामा महिला न्यायाधीश एवम् महिला कर्मचारीहरुको सहभागिता, व्यवसायीक क्षमता र नेतृत्व विकासका लागि विशेष रणनीति र कार्यक्रमहरुको व्यवस्था गर्नुपर्ने आवश्यकताप्रति यो सम्मेलनले महशुस गरेको छ। साथै, न्यायपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी रणनीति लागू गरी प्रभावकारी कार्यान्वयनको लागि समेत यो सम्मेलन माग गर्दछ।

१४. न्यायिक कार्यमा प्रयोग भई रहेका विभेदकारी शब्दको पहिचान गरी लैङ्गिक तटस्थ (Gender Neutral) शब्दहरुको विकल्प तयार गर्न आवश्यक पहल गर्न यो सम्मेलन आग्रह गर्दछ।

१५. यस सम्मेलनमा सहभागिहरुको सल्लाह सुझाव अनुसार निर्माण हुने Mentoring Guidelines ले पहिचान गरेका विषयमा आगामी दिनमा आवश्यक्तानुसार सबै तहका अदालतहरुमा यससम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नको लागि सर्वोच्च अदालत र राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई यो सम्मेलन अनुरोध गर्दछ।

१६. छिटो छरितो सर्वसुलभ र न्यायमा पहुँच अभिवृद्धि गर्नका लागि भिडियो कन्फरेन्सिङ्ग मार्फत सुनवाइ गर्ने प्रणाली लगायतका सुचना प्रविधिको अधिकतम प्रयोग एवम् व्यवस्थापनका लागि आवश्यक पहल गर्न यो सम्मेलन आग्रह गर्दछ।

१७. सबै तहका महिला न्यायाधीश र सेवा निवृत्त महिला न्यायाधीशहरुको न्यायाधीश पदमा सेवा शुरु गर्दा, माथिल्लो तहमा नियुक्ति हुँदा, उक्त पदमा कार्यरत रहँदाका अवसर र चुनौतीलाई दस्तावेज गरी अभिलेखिकरण गर्न न्यायाधीश समाजको महिला समितिले पहल गर्ने।

१८. महिला न्यायाधीशहरुको हक हित र आवश्यकतालाइ मुखरित गर्ने, आपसमा मित्रता कायम राख्दै आफ्ना अनुभव अदान प्रदान गर्न र व्यवसायिक विकासका लागि एक्यबद्ध रहन महिला न्यायाधीशहरुको राष्ट्रिय सञ्जालको निर्माण गर्ने।

अन्त्यमा, सहभागिताको लागि आभार प्रकट गर्दछौ।

<u>घोषणा पत्र मस्यौदा तयारी समिति</u>

1. माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी, सर्वोच्च अदालत -संयोजक
2. माननीय मुख्य न्यायाधीश श्री शान्ति सिंह, उच्च अदालत -सदस्य
3. माननीय न्यायाधीश श्री लाल बहादुर कुंवर उच्च अदालत -सदस्य
4. रजिष्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत -सदस्य
5. माननीय न्यायाधीश श्री अवनी मैनाली, जिल्ला अदालत -सदस्य
6. माननीय न्यायाधीश डा. श्री रमेश प्रसाद रिजाल, जिल्ला अदालत/फ्याक्टी, रा.न्या.प्र -सदस्य
7. माननीय न्यायाधीश (पुर्व) श्री केदार पौडेल, नायव कार्यकारी निर्देशक, रा.न्या.प्र -सदस्य सचिव